# रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मिति

२०७६।३।१०

संशोधन

रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७६ २०७६।१०।६

रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७७ २०७७।५।४

प्रस्तावना: सुदूरपश्चिम प्रदेशको रामारोशन क्षेत्रमा धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण र व्यवस्थापन गर्दै आकर्षक पर्यटक स्थलको रुपमा विकास गर्ने उद्देश्यले रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिको गठन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "रामारोशन क्षेत्र" भन्नाले रामारोशन क्षेत्रभित्र अवस्थित धार्मिक क्षेत्र, रामारोशन दह र तिनीहरुका जलाधारक्षेत्र, वन तथा पर्वतीय क्षेत्र, फाँटहरु लगायत कैलाश खोलाको मूहान र तल्लो तटीय क्षेत्र समेतलाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

३. समितिको गठन : (१) रामारोशन क्षेत्रको प्राकृतिक, वातावरणीय, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण एवम् सम्बर्द्धन गर्नका लागि रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति नामको एउटा समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन:-

(क) प्रदेश सरकारले तोकेको प्रदेशभित्र स्थायी बसोबास भएको राष्ट्रिय वा प्रादेशिक स्तरमा ख्याति प्राप्त व्यक्ति - अध्यक्ष

(ख) अछाम जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) रामारोशन क्षेत्रको विकासमा योगदान पुर्‍याउँदै आएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनीत गरेको तीनजना - सदस्य

(घ) संरक्षण कार्यमा संलग्न रामारोशन क्षेत्रको महिला एकजना जना - सदस्य

(ङ) रामारोशन गाउँपालिकाको प्रमुख/अध्यक्ष एकजना - सदस्य

¥(ङ.१) अछाम जिल्लाको डिभिजन वन कार्यालयको प्रमुख - सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) देहायका योग्यता भएको व्यक्ति समितिको अध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछ:-

(क) ३५ वर्ष उमेर पुगेको र प्रदेशभित्र स्थायी बसोबास भएको नेपाली नागरिक,

(ख) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ग) बैंक तथा वित्तीय संस्थाबाट ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

(४) समितिका सदस्यहरुको पद देहायका अवस्थामा रिक्त हुनेछ:-

(क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ३ को उपदफा (३) बमोजिम योग्यता कायम नरहेमा,

(ग) प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा,

(घ) निजको मृत्यु भएमा ।

(५) समितिको गठन प्रदेश सरकार (मन्त्रीपरिषद्) बाट हुनेछ। समितिको कार्यावधि शपथ गरेको मितिबाट बढीमा चार वर्षको हुनेछ ।

(६) रामारोशन क्षेत्रका प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका सांसदलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ र निजहरु पदमा बहाल रहँदासम्म समितिको संरक्षकको रुपमा रहनेछन्।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) रामारोशन क्षेत्रको प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण गर्ने, गराउने,

---

¥ पहिलो संशोधनद्वारा थप

(ख) रामारोशन क्षेत्रको विभिन्न स्थानलाई महत्वका आधारमा धार्मिक क्षेत्र, साँस्कृतिक क्षेत्र, पर्यटकीय क्षेत्र तोकी तदनुसार त्यस क्षेत्रको विकासको लागि योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) रामारोशन क्षेत्रका बासिन्दाको दैनिक जीविकोपार्जनको लागि रोजगारी सृजना तथा सीपमूलक घरेलु उद्योग सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने,

(घ) रामारोशन क्षेत्रका ताल-तलैया, कुण्ड पोखरी, गुफा, वनजंगल र मैदान तथा पर्वतीय चट्टानी क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्ने,

(ङ) रामारोशन क्षेत्रमा सरकारी तथा गैरसरकारी स्तरबाट सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमा समन्वय कायम गराउने,

(च) पर्यटन व्यवसायी र स्थानीयसँग सहकार्य गरी तीर्थयात्री तथा पर्यटकहरुको खाने बस्ने सुविधाको लागि पहाडी जनजीवन र संस्कृति झल्कने किसिमको ठाउँ-ठाउँमा विश्राम गृह, होटल, लज आदिको ®निर्माण लगायतका अन्य व्यवस्था गर्ने, गराउने,

(छ) रामारोशन क्षेत्रको महत्व दर्शाउने सम्मेलन, गोष्ठी तथा प्रदर्शनीको आयोजना गर्ने गराउने,

(ज) रामारोशन क्षेत्रको विकास योजना तथा कार्यक्रमको कार्यान्वयनको लागि प्रदेश सरकारको स्वीकृति लिई आवश्यक समन्वय तथा सम्पर्क कायम गरी आवश्यक स्रोत साधन जुटाउने,

(झ) धार्मिक, आध्यात्मिक, जोखिमयुक्त खेल पर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने,

®(झ१) धार्मिक, आध्यात्मिक, खेल पर्यटन, पर्यापर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, गराउने,

(ञ) वन्यजन्तु, चराचुरंगी, प्राकृतिक सम्पदा, बन र उच्च मूल्यका जडिबुटी आदीको संरक्षण र प्रवर्धन गर्ने, गराउने,

(ट) यस क्षेत्रको पर्यटकीय प्रवर्द्धन गरी जनताको आयस्तर बृद्धि गर्ने, गराउने,

(ठ) अन्य आवश्यक देखिएका काम गर्ने गराउने,

®(ड) समितिका अध्यक्ष तथा सदस्यहरुले निर्माण तथा अन्य योजनाहरुको अनुगमन गर्न सक्ने ।

(२) समितिले उपदफा (१) बमोजिम प्राकृतिक संरक्षण सम्बन्धी कामकाज गर्दा वन ऐन, वन्यजन्तु ऐन, सिमसार तथा चरण सम्बन्धी नीति र ऐन, नियम र अन्य सम्बद्ध नीति तथा ऐन कानूनको परिधिभित्र रही गर्नु पर्नेछ।

५. समितिको बैठक: (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

---

® पहिलो संशोधनद्वारा थप

तर, कुनै आपतकालीन स्थितिमा अल्प सूचना जारी गरी बहुमतको आधारमा बैठक बस्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकः ©(१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा वाणिज्यशास्त्र वा पर्यटन व्यवस्थापन वा अर्थशास्त्र वा प्राकृतिक स्रोत व्यवस्थापन वा ग्रामीण विकास वा सो सरहको विषयमा कम्तीमा स्नातक पास गरेको र तीस वर्ष उमेर पुगेको व्यक्तिलाई प्रदेश सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

®(२क) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म प्रदेश सरकारले उपदफा (२) बमोजिमको योग्यता पुगेको प्रदेशमा कार्यरत कर्मचारी मध्येबाट कुनै कर्मचारीलाई कामकाजका लागि तोक्न सक्नेछ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पद अनुरुप काम नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको अल्प, मध्य, दिर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) सचिवालयको प्रमुखको रुपमा काम गर्ने,

(घ) सचिवालयको काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ङ) सचिवालयको प्रशासनिक प्रमुखको हैसियतले गर्नुपर्ने काम गर्ने,

(च) प्रचलित कानून बमोजिम अन्य काम गर्ने, गराउने ।

---

© दोस्रो संशोधनद्वारा संशोधित

® पहिलो संशोधनद्वारा थप

(६) कार्यकारी निर्देशकले समितिले तोके बमोजिमको सेवा सुविधा पाउनेछ । समितिले त्यस्तो सेवा सुविधा उपलब्ध गराउँदा आफ्नो श्रोत साधन हेरी अधिकतम प्रदेश सरकारको निजामती सेवाको अधिकृतस्तर सातौंले पाउने तलब भत्ता सरहको सेवा सुविधा उपलब्ध गराउनेछ ।

७. जनशक्ति तथा बजेट सम्बन्धी व्यवस्थाः (१) समितिमा आवश्यक संख्यामा कर्मचारीको दरबन्दी सिर्जना गर्दा मन्त्रालय मार्फत प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको सेवा सुविधा सम्बन्धमा सो कर्मचारी प्रदेश सरकारको जुन तह सरह छ सोही तह अनुसारको तलव भत्ता मात्र पाउनेछ ।

(३) समितिको लागि आवश्यक पर्ने कर्मचारीहरु प्रदेश सरकारले स्वीकृत दरबन्दी अनुसार व्यवस्थापन गर्नेछ ।

(४) समितिको लागि आवश्यक बजेट प्रदेश सरकारले स्वीकृत गरे बमोजिम मन्त्रालयले उपलब्ध गराउनेछ ।

८. समितिको खाताः (१) समितिको एउटा छुट्टै खाता हुनेछ र सो खातामा तोकिए बमोजिमका रकमहरु रहनेछन् ।

(२) समितिको खाता लेखा समूहको लेखा कर्मचारी र मन्त्रालयले तोकेको कुनै निजामती कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. लेखा र लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) प्रदेश सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी सम्बन्धमा जुनसुकै बखत जानकारी लिन सक्नेछ ।

१०. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः (१) दफा ३ बमोजिमको समितिले यो आदेश बमोजिम आफूले गर्नुपर्ने काम सुचारु रुपले गर्न, गराउनको निमित्त आवश्यकतानुसार छोटो अवधिको लागि उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार प्रचलित कानून बमोजिम समितिले तोके बमोजिम हुनेछ ।

११. बैठक भत्ताः समितिका अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत आर्थिक मामिला तथा योजना मन्त्रालयले स्वीकृत गरेको नर्म्स बमोजिम बैठक भत्ता लिन सक्नेछन् ।

१२. निर्देशन दिन सक्नेः प्रदेश सरकारले समितिद्वारा गरिने काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. <u>अधिकार प्रत्यायोजन</u>: समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. <u>प्रदेश सरकारसँग सम्पर्क</u>: समितिले आफ्नो काम कारवाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नु पर्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेश मार्फत राख्नु पर्नेछ ।

१५. <u>प्रतिवेदन पेश गर्ने</u>: समितिले एक आर्थिक वर्षभित्र सम्पादन गरेका मुख्य मुख्य काम कारवाहीहरु स्वीकृत गरेको योजना तथा कार्यक्रम र सो अनुसार भएका काम तथा उपलब्धि सहितको वार्षिक प्रतिवेदन तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष सोही आर्थिक वर्षको भदौ मसान्तसम्म पेश गर्नु पर्नेछ।

१६. <u>समितिको कार्यालय</u>: समितिको कार्यालय मन्त्रालयबाट तोकिएको रामारोशन क्षेत्रमा रहनेछ ।

१७. <u>निर्देशिका र कार्यविधि बनाउन सक्ने</u>: यस आदेशमा उल्लिखित उद्देश्य पूरा गर्न समितिले प्रचलित ऐन, कानून र यस आदेश विपरीत नहुने गरी निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

☺☺☺